# महाराजगंज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### पशु सेवा शाखा
### महाराजगंज कपिलबस्तु
### लुम्बिनी प्रदेश,नेपाल

पत्र संख्या :२०७८/०७९ मिति: २०७८/११/२९
चलानी नं:

(प्रथम पटक सुचना प्रकाशित मिति २०७८।११।२९)

**५० प्रतिशत अनुदानमा गत वर्षको निरन्तरता तथा नयाँ साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम सम्बन्धी सूचना ।**

महाराजगंज नगरपालिका, पशु सेवा शाखा कपिलवस्तुबाट आ.व. २०७८।०७९ मा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता तथा नयाँ थप गनुपर्ने भएकोले उक्त पकेट कार्यक्रम संचालन गर्न इच्छुक यस नगरपालिकाका पशु पालक कृषक समूह /सहकारी/समिती तथा पशु पालक फर्महरुको लागि मिति २०७८।११।२९ गतेको प्रकाशित सूचना अनुसार प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना , परियोजना कार्यान्वयन म्यानुवलको अनुसूचि-६ अनुसारको तथा अनुसूचि-७ अनुसारको आधारभूत तथ्यांक फारम भरि १५ दिन (मिती २०७८।१२।१३ गते) भित्र पेश गर्नुहुन पशु सेवा शाखामा पेश गर्नका लागि सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पकेट कार्यक्रम संचालन न्यूनतम मापदण्डहरु**

| क्र.सं. | कार्यक्रम | कार्यक्षेत्र | न्यूनतम मापदण्ड |
|---|---|---|---|
| १ | बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम | महाराजगंज नगरपालिका भरी | बाखा संख्या १०००(एक हजार) |

**निवेदन साथ पेश गनुपर्ने कागजातहरु**

१.पशुपालक कृषक समुह/सहकारी,समिती तथा पशु पालक फर्म दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि नियमानुसार ( नविकरण/सुचिकृत भएको) ।
२.पकेट माग सम्वन्धि संस्थागत निर्णयको प्रतिलिपि ।
३. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।
४.अध्यक्ष/प्रोपाईटरको नागरिकताको प्रतिलिपि ।
५. स्थायी लेखा नम्बर /कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
६.अनुसूचि -६ अनुसारको निबेदन तथा अनुसूचि -७ बमोजिमको विवरण फारम भरी पेश गर्नु पर्ने ।

विस्तृत जानकारीको लागि महाराजगंज नगरपालिका पशु सेवा शाखा कपिलवस्तुमा सर्म्पक राख्नुहोला । सम्पर्क नम्बर (९८६७३९१८३८, ९८४७५०८०४५)

११/२९

रविन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# महाराजगंज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### पशु सेवा शाखा
### महाराजगंज कपिलबस्तु
लुम्बिनी प्रदेश,नेपाल

पत्र संख्या :२०७८/०७९
चलानी नं. :

मिति: २०७८/११/२९

**प्रस्ताव आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/११/२९

**१५ प्रतिशत लागत साझेदारीमा ऊन मिसन कार्यक्रम अन्तरगत भेडा प्रवर्द्धन कार्यक्रम सम्बन्धी सुचना ।**

महाराजगंज नगरपालिका पशु सेवा शाखाको आ.व.२०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ऊन मिसन कार्यक्रम अन्तरगत भेडा प्रवर्द्धन कार्यक्रम संचालन गर्नु परेकोले यस नगरपालिकाका इच्छुक उद्यमी कृषक/फर्म/ कृषक समुह/समिती/सहकारी संस्थाले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितीले १५ औ दिन (मिती २०७८।१२।१३ गते भित्र) पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम प्रक्रिया-२०७८ बमोजिम अनुसूचि-२ अनुसारको कार्ययोजना तथा अनुसूचि-३ अनुसारको निवेदन साथ देहायका आवश्यक कागजातहरु संलग्न गरी पशु सेवा शाखामा पेश गर्नका लागि सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**ऊन मिसन कार्यक्रम संचालन मापदण्डहरु**

| क्र.सं. | कार्यक्रमको नाम | आवेदकको किसिम/संख्या | कैफियत |
|---|---|---|---|
| १ | ऊन मिसन कार्यक्रम अन्तरगत भेडा प्रवर्द्धन कार्यक्रम | उद्यमी कृषक/ फर्मले कम्तिमा २५ वटा तथा कृषक समुह/सहकारीको सदस्यहरुले कम्तिमा ५ वटा माउँ भेडा पालेको हुनु पर्ने छ । | |

**निवेदन साथ पेश गनुपर्ने कागजातहरु:**

१.अनुसूचि -३ बमोजिमको प्रस्तावकको निवेदव ।
२. कार्यक्रम संचालनको लागि कार्ययोजना सहितको प्रस्ताव अनुसूचि -२ बमोजिम ।
३. व्यवसाय दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि (समुह/निजि फर्म/ सहकारी /समिती)
४. स्थायी लेखा नम्वर प्रमाण पत्रको प्रतिलिपि ।
५. गत आर्थिक बर्षको कर चुक्ता प्रमाण प्रत्रको प्रतिलिपि ।
६. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।
७. अध्यक्ष/प्रोपाईटरको नागरिकताको प्रतिलिपि ।
८.कार्यक्रम संचालन गर्ने सम्वन्धि(समुह/ सहकारी /समिती) वाट माग गरिएको निर्णयको प्रतिलिपि ।

विस्तृत जानकारीको लागि महाराजगंज नगरपालिका पशु सेवा शाखा कपिलबस्तुमा सम्पर्क राख्नुहोला । सम्पर्क नम्वर - ९८६७३९१८३८, ९८४७५०८०४५

११/२९

रविन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner